# बर्जु गाउँपालिका दसौं कार्यपालिका बैठक

मिति : २०७५।०२।१७

आज मिति २०७५ साल जेष्ठ १७ गते विहीबारका दिने यस वर्जु गा.पा.को गाउँ पालिकाको अध्यक्ष श्री रधुन्नदन चौधरी ज्यूको अध्यक्षतामा बैठक बसी प्रस्तुत प्रस्तावहरुमा छलफल भई निम्न निर्णयमा पुगीयो ।

__निर्णयहरु__

**निर्णय नं. १**

प्रस्ताव नं. १ माथि छलफल गर्दा पशु स्वास्थ्य सिविर संचालनको लागी वडा नं. १-२ को पाइक पर्ने पाखैर गाछी मिति २०७५।०२।२६ गते शनीबार हुने त्यसतै वडा नं. ३-४ को पाइक पर्ने ठाउँ स्वास्थ्य चौकी सि.एम.सि. भवन मिति २०७५।०२।२४ गते विहीबार तथा वडा नं. ५-६ को पाइक पर्ने सिमाना नहर मिति २०७५।०२।२५ गते शुक्रबार हुने भयो निर्णय गरीयो ।

**निर्णय नं. २**

प्रस्ताव नं. २ माथि छलफल गर्दा फोहरमैला व्यवस्थापनको लागि बढीमा एक हप्ता भित्र वडा कार्यालयले फोहर व्यवस्थापनको लागि यपयुक्त स्थान छनेट गरी पठाउने गरी पठाउने निर्णय गरीयो ।

**निर्णय नं. ३**

प्रस्ताव नं. ३ माथि छलफल गर्दा गाउँ पालिका स्तरीय खेलमैदानको लागी ने.रा.मा.वि. पश्चिमको मैदानलाई विकास गरीने निर्णय गरीयो ।

**निर्णय नं. ४**

प्रस्ताव नं. ४ माथि छलफल गर्दा गाउँ भित्रका मर्जर नहुने मा.वि, नि.मा.वि., प्रा.वि. तथा मदर्शा मा यसै बर्ष विधुतीय हाजिरी  जाडान गरीने निर्णय गरीयो ।

**निर्णय नं. ५**

प्रस्ताव नं. ५ माथि छलफल गर्दा वडा नं. ३ स्थीत ने.रा.शि.मा.वि. मा कम्पुटर ल्याब बनाउने निर्णय गरीयो निर्णय गरीयो ।

**निर्णय नं. ६**

प्रस्ताव नं. ६ माथि छलफल गर्दा गाउँ भित्रका मर्जर नहुने मा.वि, नि.मा.वि., प्रा.वि. मा ५ वटा कम्पुटर १ वटा प्रीन्टर उपलब्ध गराउने निर्णय गरीयो ।

**निर्णय नं. ७**

प्रस्ताव नं. ७ माथि छलफल गर्दा शिक्षा सम्बन्धि कार्यविधि निर्मान गर्नको लागि ७ सदस्य उप समिति गठन गर्ने निर्णय गरीयो ।

१. प्रहलाद कामत (संयोजक)

२. शुभकलाल राय

३. दयानन्द चौधरी

४. रोशन कार्की

५. पुनितलाल चौधरी

६. युवराज श्रेष्ठ

७. सुनिल साह

८. लक्ष्मी पोखरेल

९. हेमराज गुरुङ्ग

**निर्णय नं. ८**

प्रस्ताव नं. ८ माथि छलफल गर्दा वडा कार्यलयबाट प्राप्त भएको राजश्वबाट ४० प्रतिशात रकम वडा कार्यलयमा निकासा दिइने निर्णय गरियो ।

**निर्णय नं. ९**

प्रस्ताव नं. ९ माथि छलफल गर्दा वडा नं. २ भएको आगलागीमा परेका परीवारलाइ ततकाल राहतका लागि वडा कार्यलयको निर्णयमा प्रति परीवार ११०००।- का दरले राहत समाग्री उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. १०**

प्रस्ताव नं. १० माथि छलफल गर्दा ऐलानी तथा सार्वजानिक जग्गा र बाटोहरुमा घर टहरा निमार्ण गरेको पाइएमा कानुन बमोजिम खालि गरीने र नगरेमा कानुन बमोजिम कारवाही गरीने निर्णय गरीयो ।